दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक ९९ | बुटवल | २०८२ चैत २५ गते, बुधबार | नेपाल संवत ११४६ | Wednesday April 08, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# ८५ मिलियन ऋण स्वीकारसँगै 'ग्रेटर लुम्बिनी' परियोजना अब कार्यान्वयन चरणमा

**परियोजना कार्यान्वयनले लुम्बिनीलाई आध्यात्मिक, साँस्कृतिक र पर्यटन केन्द्रका रूपमा स्थापित गर्दै समग्र क्षेत्रको पूर्वाधार, आर्थिक गतिविधि, रोजगारी र दिगो शहरी विकासलाई एकीकृत ढंगले अघि बढाउने उद्देश्य राखेको छ । सम्पदाहरूको संरक्षण, दिगो विकास, सुशासन र समुदायको जीविकोपार्जनका विषयलाई यसमा प्राथमिकतामा राखिएको छ ।**

**टिआर शर्मा**
*बुटवल*

नेपाल सरकारले विश्व बैंकको ८५ मिलियन अमेरिकी डलर अर्थात् करिब साढे १२ अर्ब रुपैयाँ बराबरको ऋण स्वीकार गर्ने निर्णय गरेसँगै 'ग्रेटर लुम्बिनी' परियोजना अब कार्यान्वयनमा आउने भएको छ।

मन्त्रिपरिषद्को मंगलबार बसेको बैठकका निर्णयहरु मध्ये पहिलो नम्बरमा यही ऋण स्वीकार गर्ने निर्णय थियो। बुद्ध जन्मस्थल लुम्बिनीसँग सम्बन्धित रुपदेही, कपिलवस्तु र नवलपरासी जिल्ला समेटिने गरी 'ग्रेटर लुम्बिनी क्षेत्र विकास परियोजना' का लागि विश्व बैंकको गत मार्च १३ तारिखमा अमेरिकाको वासिङटनडिसीमा भएको बोर्ड बैठकले ऋण दिने निर्णय गरेको थियो।

शहरी विकास मन्त्रालय र पर्यटन मन्त्रालयमार्फत् अगाडि बढेको यो परियोजना कार्यान्वयन गर्न १२ अर्ब ३५ करोड रुपैयाँभन्दा बढी बजेट अनुमान गरिएको लुम्बिनी विकास कोषले जनाएको छ।

पूर्वमा नवपरासीको बर्दघाटदेखि पश्चिममा कपिलवस्तुको शिवराज नगरपालिकाको चन्द्रौटा र बीचको रुपन्देहीसहित तीन जिल्लाको भूभागलाई 'ग्रेटर लुम्बिनी एरिया डेभलपमेन्ट एरिया प्रोजेक्ट' (ग्ल्याड) का रूपमा विकास गर्ने लक्ष्यसहित केही वर्ष अघि पूर्वअर्थमन्त्री विष्णुप्रसाद पौडेलले ड्रिम प्रोजेक्टका रुपमा अगाडि सारेका थिए। उनको चुनावी प्रतिबद्धतामा पनि यो विषय समावेश थियो।

बजेट कार्यान्वयनमा आउने भएपछि गौतमबुद्धसँग जोडिएका रुपन्देही, नवलपरासी र कपिलवस्तुमा विकासको ढोका खुल्ने लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामाले बताए। 'बजेट अभावले अलपत्रजस्तै अवस्थामा रहेको रुपन्देहीको लुम्बिनी, कपिलवस्तु र नवलपरासीका पुरातात्विक क्षेत्रको संरक्षण र विकासमा बजेट कार्यान्वयनमा आउनु खुसीको कुरा हो,' उपाध्यक्ष लामाले भने -'यो परियोजना कार्यान्वयनमा आउँदा वृहत्तर लुम्बिनी क्षेत्र बौद्धमार्गीका लागि मात्र नभई विश्वभरका पर्यटकका लागि नौलो र आकर्षक पर्यटकीय गन्तव्य बन्ने छ।'

परियोजनाकाका लागि स्रोत जुटाउन दश वर्षअघिदेखि प्रक्रिया अघि बढे पनि झण्डै तुहिने अवस्थामा पुगेको, तर बितेको एक वर्ष निकै मिहिनेतका साथ काम गरेर सफल भएको लुम्बिनी विकास कोषका वरिष्ठ निर्देशक ज्ञानिन राईले बताए।

मन्त्रिपरिषद् बैठकले ऋण स्वीकार गरेपछि परियोजना कार्यान्वयनमा जाने लुम्बिनी विकास कोषका वरिष्ठ निर्देशक ज्ञानिन राईले जानकारी दिए।



बुद्ध जन्मस्थल लुम्बिनीको मायादेवी मन्दिरलगायत संरचना, पवित्र उद्यान, तिलौराकोट, देवदह, रामग्रामलगायतका स्थानमा बौद्ध सम्पदा संरक्षण, पूर्वाधार विकास पर्यटकीय पूर्वाधार विकास र स्थानीयको आर्थिक अवस्था सुधारमा परियोजना कार्यान्वयन केन्द्रित हुने राईले बताए। परियोजना कार्यान्वयन गर्दा अधुरो लुम्बिनी विकास गुरुयोजना समेत पुरा हुने राईले बताए।

ग्रेटर लुम्बिनी क्षेत्र विकास परियोजना नेपाल सरकारको शहरी विकास मन्त्रालयको नेतृत्वमा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, लुम्बिनी प्रदेश सरकार, सम्बन्धित स्थानीय तह र विश्व बैंकको सहयोगमा कार्यान्वयन हुने एक समग्र पर्यटन-पूर्वाधार तथा सम्पदा संरक्षण कार्यक्रम हो।

आयोजनाको संयुक्त अध्ययन प्रतिवेदन तयार भएर अन्तर्राष्ट्रिय दातृ निकाय विश्व बैंकको मुख्यालयमा पुगेको थियो। यो परियोजनामा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा रुपन्देही, कपिलवस्तु र नवलपरासी पश्चिमका बुद्ध जन्मस्थलसँग सम्बन्धित पालिकाहरुले सहकार्य गरिरहेका छन्। यसको अध्ययनमा नेपाल सरकार र विश्व बैंकको संयुक्त टोली खटिएको थियो।

कोषका उपाध्यक्ष ल्हारक्याल लामाका अनुसार अध्ययन प्रतिवेदनमा अन्तर्राष्ट्रिय दातृ निकाय सकारात्मक हुनु, रुपन्देही, कपिलवस्तु र नवलपरासीका सम्बन्धित पालिकाका प्रमुखहरु र अगुवाहरू कोषसँग सहकार्यका लागि एकजुट हुनुले परियोजनाका लागि विश्व बैंक ऋण दिन तयार भएको हो।

तिलौराकोट प्राचीन शाक्य राज्यको पुरातात्विक भग्नावशेष हो । नवलपरासीको रामग्राममा रहेको स्तूप अर्को महत्वपूर्ण सम्पदा स्थल हो। यहाँ बुद्धको मूल अवशेषहरू भएको एक मात्र अक्षुण्ण स्तूप मानिन्छ। ग्रेटर लुम्बिनी क्षेत्र विकास परियोजनाले यिनै मुख्य स्थानलाई केन्द्रमा राखेर काम गर्नेछ।

केही वर्षअघि ग्रेटर लुम्बिनीसहित काठमाडौं उपत्यका भिजन-२०४० को पनि परियोजना तय भएको थियो। तर, त्यो परियोजनामा उपत्यकाका १८ वटाभन्दा धेरै पालिकाहरुका बिचको समन्वयको काममै अल्झिइरहेको छ।

परियोजनाले लुम्बिनीलाई आध्यात्मिक, सांस्कृतिक र पर्यटन केन्द्रका रूपमा स्थापित गर्दै समग्र क्षेत्रको पूर्वाधार, आर्थिक गतिविधि, रोजगारी र दिगो सहरी विकासलाई एकीकृत ढंगले अघि बढाउने उद्देश्य राखेको छ। सम्पदाहरुको संरक्षण, दिगो विकास, सुशासन र समुदायको जीविकोपार्जनका विषयलाई यसमा प्राथमिकतामा राखिएको छ।

दातृ निकायहरूसँग समन्वय, चरणबद्ध छलफल र विज्ञ परिचालनमार्फत् अवधारणा परिपक्व बनाइएको यो योजना तीन जिल्लाको मात्र नभइ नेपालकै 'ड्रिम प्रोजेक्ट' मध्येको एक महत्वपूर्ण परियोजनाका रूपमा हेरिएको पूर्व अर्थमन्त्री पौडेलको दाबी छ। 'बहु क्षेत्रीय सहकार्य, अन्तरसरकारी समन्वय र अन्तर्राष्ट्रिय साझेदारीमार्फत् लुम्बिनीलाई केन्द्रमा राखी समग्र क्षेत्रलाई धार्मिक पर्यटन, सांस्कृतिक संरक्षण र दिगो आर्थिक समृद्धिको नमूना क्षेत्र बनाउने संकल्प हो।'-पूर्वअर्थमन्त्री पौडेलले भने।

धार्मिक सहिष्णुता, सांस्कृतिक बहुलता र सहभागितामूलक व्यवस्थापनमार्फत् लुम्बिनीलाई विश्व शान्ति, सांस्कृतिक संवाद र दिगो पर्यटनको केन्द्रका रूपमा अझ सशक्त बनाउने दिशामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहल सार्थक बन्दा यसक्षेत्रको मुहार फेरिने पौडेलको दाबी छ।

विश्व सम्पादन सूचीमा रहेको लुम्बिनी जसलाई सर्वोच्च तीर्थस्थल मानिन्छ। यहाँको माया देवी मन्दिर, बुद्धको जन्मस्थल, पवित्र पुष्करिणी पोखरी र अशोक स्तम्भ, मार्कर स्टोनहरुसहितका सम्पदाहरु महत्वपूर्ण छन्। ग्रेटर लुम्बिनी क्षेत्र विकास परियोजनाले अहिले तीन जिल्लाका मुख्य स्थानलाई केन्द्रमा राखेर काम गर्नेछ भने पछि अरु क्षेत्रलाई पनि समावेश गर्ने छ।

विश्व बैंकका वातावरणीय तथा सामाजिक मापदण्डअनुसार परियोजना कार्यान्वयन गर्दा लैंगिक समानता, जलवायु लचिलोपन र दिगोपनलाई मुख्यरुपमा समावेश गरिएको छ।

» बाँकी ३ पेजमा

## गृहमन्त्री गुरुङको वरियता घटुवा



बुटवल। मन्त्रिपरिषद् गठन भएको १२ दिनमै प्रधानमन्त्री बालेन्द्र शाहले मन्त्रीहरूको मर्यादाक्रममा व्यापक हेरफेर गरेका छन्।

मंगलबार प्रधानमन्त्री शाहको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले मन्त्रिपरिषद्को मर्यादाक्रम हेरफेर गरेका हुन्। राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम मन्त्रिपरिषद्को मर्यादाक्रम हेरफेर गरेको राष्ट्रपतिको कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यले जनाएका छन्।

मन्त्रिपरिषद्को मर्यादाक्रममा दोस्रो नम्बरमा अर्थमन्त्री स्वर्णिम वाग्ले यथावत रहेका छन्। यसअघि तेस्रो नम्बरमा रहेका गृहमन्त्री सुधन गुरुङलाई पाँचौं नम्बरमा झारिएको छ। त्यस्तै, चौथो नम्बरमा रहेका परराष्ट्रमन्त्री शिशिर खनाललाई तेस्रो नम्बरमा ल्याइएको छ।

यसअघि पाँचौ नम्बरमा रहेका भौतिक पूर्वाधार तथा यातायातमन्त्री सुनिल लम्साललाई छैटौं नम्बरमा राखिएको छ। छैटौं नम्बरमा रहेका उर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठलाई चौथो नम्बरमा ल्याइएको छ। यसअघि सातौं नम्बरमा रहेका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्कराज पौडेललाई १२औं नम्बरमा राखिएको छ। आठौं नम्बरमा रहेका शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेललाई ११औं नम्बरमा राखिएको छ।

यसैगरी, नवौं नम्बरमा रहेकी स्वास्थ्य तथा जनसंख्यामन्त्री निशा मेहतलाई १०औं नम्बरमा राखिएको छ भने यसअघि १०औं नम्बरमा रहेका सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. विक्रम तिमिल्सिनालाई १३औं नम्बरमा राखिएको छ।

» बाँकी ३ पेजमा

## निजी मिडियालाई विज्ञापन नदिने निर्णयविरुद्ध कारण देखाउ आदेश




बुटवल। सरकारी विज्ञापन निजी मिडियालाई नदिने सरकारको निर्णयविरुद्ध दायर रिटमा सर्वोच्च अदालतले कारण देखाऊ आदेश जारी गरेको छ।

सर्वोच्चका न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले सरकारका नाममा कारण देखाउ आदेश जारी गर्दै अन्तरिम आदेश छलफलमा दुवै पक्षलाई बोलाउने आदेश दिएको छ।

नेपाल मिडिया सोसाइटीका तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले सोमबार रिट निवेदन दायर गरेका थिए। सरकारी विज्ञापन निजी मिडियामा नदिने निर्णयले संविधानप्रदत्त अभिव्यक्तिको स्वतन्त्रतालाई कमजोर बनाउने उद्देश्य राखेको दाबी रिटमा छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरकारी विज्ञापन तथा सूचनाहरू सञ्चारमाध्यममार्फत् प्रकाशन तथा प्रसारण गर्दा सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यममार्फत् मात्र हुने भन्दै सबै निकायमा परिपत्रसमेत भएको थियो।

रकारको उक्त निर्णयले विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन र अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक हक निस्तेज बनाएको जिकिरसमेत रिटमा छ।

अन्तरिम आदेशबारे छलफल गर्न चैत ३० मा सरकारलाई उपस्थित हुन समेत आदेश गरिएको छ। मंगलबार भएको बहसमा नेपाल बार एशोसिएशनका अध्यक्ष डा. विजयप्रसाद मिश्र, महासचिव केदार कोइराला, वरिष्ठ अधिवक्ता ललितबहादुर बस्नेत तथा अधिवक्ताहरु अनन्तराज लुईटेल, विकाश भट्टराई, किर्तिनाथ शर्मा पौडेल, प्रतिभा उप्रेती, विशाल थापा, भक्तिराम घिमिरे लगायतले सरकारको निरकुंश रवैया उपर सर्वोच्च अदालतले अन्तरिम आदेशमार्फत् रोक लगाउन आग्रह गरेका थिए।

बहसमा स्थानीय सरकारको कार्यकारी अधिकारमाथि समेत केन्द्रीय सरकारले हस्तक्षेप गरी संघीयता विरोधी कार्य गरेकोले सोलाई समेत रोक्न उनीहरुले आग्रह गरेका थिए।

चैत १८ गतेको सचिवस्तरीय निर्णय गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरकारी विज्ञापन तथा सूचनाहरु सञ्चारमाध्यममार्फत् प्रकाशन तथा प्रशारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह तथा सोअन्तर्गतका निकायहरु तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरुले आफ्ना सूचनाहरु गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा सरकारी स्वामित्वमा रहेका सञ्चार माध्यममा मात्र प्रकाशन तथा प्रशारण गर्ने निर्णय गरी सबै निकायमा परिपत्र समेत गरेको थियो।

» बाँकी ३ पेजमा




# सम्पादकीय

## मध्यपहाडलाई गुल्जार बनाउने सडक

कुनै बेला मुलुकलाई पूर्व-पश्चिम जोड्ने महेन्द्र राजमार्ग मात्रै एउटा राजमार्ग थियो । चुरेको फेदैफेद पूर्व-पश्चिम जोड्ने यो सडक नआई पूर्व-पश्चिम यात्रा सम्भव थिएन् । हिमाली र पहाडी क्षेत्रका बासिन्दाका लागि तराई नझरी सुखै थिएन् । अब मध्यपहाडी पुष्पलाल राजमार्ग निर्माण भएपछि पहाडी क्षेत्रका बासिन्दाका दिन फिरेका छन् । पूर्व-पश्चिम यात्रा सहज मात्रै होइन्, यो राजमार्गले धेरै सम्भावना ल्याएको छ ।

सडकले धेरै सम्भावना लिएर आउँछ । अहिले कतिपयले प्रश्न गरेको सुनिन्छ, के सडक मात्रै विकास हो ? यो प्रश्न आफैंमा अल्पज्ञानको प्रश्न हो । राष्ट्रिय राजमार्ग आवश्यकता र औचित्यका आधारमा निर्माण अघि बढ्छन् । ती निर्माणसगैं स्थानीय बासिन्दाको दैनिकी बदलिन्छ । सडकसँगै शहरीकरणको सुरुवात हुन्छ । गाउँको कृषि उत्पादनले बजार पाउँछ । स्वास्थ्य र शिक्षामा पनि सुधार आउँछ । पहाडबाट तराई बसाईसराइले पहाड रित्तिन थालेको छ । रित्तिंदो पहाडलाई गुल्जार बनाउन पूर्वाधार निर्माणलाई प्राथमिकता अपरिहार्य छ । सडक पूर्वाधार पहाडलाई गुल्जार बनाउने पहिलो शर्त हो । मध्यपहाडी पुष्पलाल राजमार्गको निर्माणले मध्यपहाडलाई गुल्जार बनाउन सक्ने आधार खडा भएको छ । रूकुमपूर्वको एउटा सहकारीले गत वर्ष ६ करोड रुपैयाँको कृषि उत्पादन बजार पठाएको छ । एउटा सहकारी संस्थाले गरेको यो कारोबार एउटा आशा लाग्दो खबर हो । मध्यपहाडी राजमार्ग बनेपछि रूकुम, बागलुङ, डोल्पालगायत विभिन्न जिल्लामा पर्यटन प्रवर्द्धन भएको छ । प्रकृति र संस्कृतिमा रम्न चाहनेका लागि यी ठाउँ निकै महत्वपूर्ण छन् । बाग्लुङको ढोरपाटन घुम्न जाने पर्यटक अहिले बढेका छन् । सहज यातायातको पहुँच पर्यटन प्रवर्द्धनका लागि महत्वपूर्ण खुड्किलो रहेछ । मध्यपहाडी राजमार्गकै कारण रूकुम हुँदै डोल्पा जाने पर्यटक बढेका छन् । रूकुम पूर्वको तकसेरा, मैकोटलगायतका दर्जन ठाउँमा पर्यटकीय गतिविधि बढ्दा ग्रामीण अर्थतन्त्र चलायमान भएको छ । अझै योजनाबद्ध पर्यटन प्रवर्द्धनको योजना कार्यान्वयन हुन सक्दा मध्यपहाडी पुष्पलाल राजमार्ग आसपासको क्षेत्रले धेरै लाभ पाउन सक्छ ।

नेपालको पूर्व पाँचथरको चिवाभञ्याङदेखि मध्यपहाडका २६ जिल्लालाई जोड्दै सुदूरपश्चिम बैतडीको झुलाघाट पुगेर यो मार्ग टुंगिन्छ । यो राजमार्गको कुल लम्बाई १ हजार ८ सय ७९ किमि छ । बाग्लुङको बुर्तिबाङदेखि पश्चिम लागेपछि रूकुमपूर्वको पातीहाल्नेदेखि पञ्चासेसम्मको १३ किमि बाहेक अन्यत्र पक्की छ । जाजरकोट खण्डको २० किमि पक्की हुँदैछ । पातीहाल्ने–पञ्चासे खण्ड पक्की हुने हो भने बुतिबाङदेखि पश्चिमको खण्डमा सहज आवागमन हुनेछ । यसले यो क्षेत्रको पर्यटन प्रवर्द्धन र कृषिको व्यवसायिक विकासमा टेवा पुग्नेछ ।

अब राजमार्ग आसपासका किसानलाई व्यवसायिक उत्पादनमा अग्रसर गराएर बजारसँग जोड्ने काम सरकारको हो । पर्यटन प्रवर्द्धन र कृषि उत्पादन तथा बजारीकरणका लागि तहगत सरकारले मिलेर काम गर्न सक्छन् । मध्यपहाड गुल्जार बन्दा धेरै संभावना अघि देखिन्छन् । तीव्र ढंगले भइरहेको बसाईसराइ रोकिने नै छ, वैदेशिक रोजगारीमा गएका युवा पहाड फर्केर पर्यटन र कृषि उद्यममा लाग्ने बाटो खुल्नेछ ।

# विगतभन्दा दमनकारी सरकारी अंकुश र मिडियामा प्रहार !



राजबाबु शंकर

आखिर निजी क्षेत्रका सञ्चारमाध्यमहरूप्रति यो सरकारको वैरभावको पृष्ठभूमि के हो ? जान्न पाउने हक सञ्चारकर्मीहरूको हो, होइन ? पार्टीको नाम अगाडि 'राष्ट्रिय स्वतन्त्र' जडेको सत्तासीन दलले निजी क्षेत्रका आम सञ्चारमाध्यमको व्यावसायिक स्वतन्त्रतालाई चाहिं यसरी राष्ट्रिय रूपमै 'कैद' गर्नुको अन्तर्य सञ्चारकर्मीजन्य पेशागत संघ-संस्थाहरूले कहिले खोज्ने ?

नेपाली पत्रकारिता अहिले एक गम्भीर मोडमा उभिएको छ । राज्यको चौथो अङ्ग स्वीकरण गरिएको सञ्चार जगत राज्य र जनताबीचको एक सम्बन्ध-सेतु रहँदै आएको नै छ । तर, पछिल्लो समयमा सूचना प्रविधिको तीव्र विकास र सामाजिक सञ्जालको बढ्दो प्रभावसँगै पत्रकारिताको विश्वसनीयतामाथि प्रश्नहरू पनि नउठेका छैनन् । तथापि, नेपालको वर्तमान सञ्चार परिदृश्यमा राष्ट्रिय स्वतन्त्र पार्टीको वर्तमान सरकारले सञ्चारमाध्यमलाई उपलब्ध गराउँदै आएको विज्ञापन स्थगन गर्नुमा राजनीतिक प्रतिशोधको जागित्रले काम गरेको महसूस गरिएको छ ।

प्रेस स्वतन्त्रता र नागरिकको 'सुसूचित हुन पाउने हक' एक अर्काका पूरक हुन् । तर, हालैजसो नयाँ बहाल सरकार र निजी क्षेत्रका मिडियाबीच बढ्दो दूरीले एउटा गम्भीर प्रश्न उब्जाएको छ- के सरकार मिडियालाई अब नियन्त्रण गर्नु पर्ने ठान्दैछ ? यही मेसोमा हालै मात्र रास्वपा सरकारले निजी क्षेत्रका सञ्चारमाध्यमलाई विज्ञापन नदिनू, सरकारीलाई मात्रै दिनू' भनेर जुन 'उर्दी' जारी गऱ्यो- त्यो अलोकतान्त्रिक र मिडियाविरोधी सोचले ग्रस्त छ । खासगरी, विगतदेखि नै राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवम् जनप्रिय नेता रवि लामिछानेको राजनीतिक लोकप्रियता वा भनौ जनउभारप्रति डाह वा चर्को विरोध गर्दै आएका लगभग १ दर्जन जति राजधानीकेन्द्रित नाङ्ले पत्रिकाहरूले अन्टसन्ट लेख्दै, पूर्वाग्रही र कतिपय फर्जी समेत समाचार सामग्रीहरूमार्फत् खेदो गर्दै र विषवमन गर्दै आएको द्वेष वर्तमान सरकारले देशभरका मिडियाहरूमाथि विज्ञापनमा बन्देज लगाएर प्रकट गरेको हो त ? कि यो देशमा निजी क्षेत्रका मिडियाहरू आवश्यक छैनन् र सरकारले तिनलाई संपोषण गर्न जरुरी छैन ? यदि होइन भने, रास्वपा सरकारको बहालीलगत्तै यस्तो मिडियाविरोधी कदम किन ?

विज्ञापन केवल राज्यको सूचना प्रवाह गर्ने माध्यम मात्र होइन, यो राज्यले आफ्ना नागरिकलाई सचेत गराउने र लोकतन्त्रको चौथो अंग (मिडिया)लाई दिगो राख्न गरिने एक किसिमको लगानी हो । स्वास्थ्य, शिक्षा, सुरक्षा, नागरिक हक, प्रशासनिक सेवा, समावेशी आवाज, प्राकृतिक प्रकोप जस्ता विषयमा नागरिकलाई सुसूचित पार्ने जनचेतना प्रवाह गर्ने माध्यम हुन्- सञ्चारमाध्यमहरू । निजी क्षेत्रका सञ्चारमाध्यमले राज्यका संयन्त्रलाई खबरदारी गर्ने हुनाले तिनको पेशागत सुरक्षा, व्यावसायिक स्वतन्त्रता र मिडिया बहुलवाद कायम राख्नका लागि राज्यले त्यस्तो लगानी गर्ने चलन छिमेकको इण्डियालगायत विश्वका कैयौं लोकतान्त्रिक देशहरूमा छ । तिनले प्रत्यक्ष अनुदान, कर छुट र परोक्ष समर्थन (जस्तैः मुद्रण/वितरण सहायता) मार्फत् निजी मिडियालाई समर्थन गर्ने गरेको पाइन्छ ।

धेरै देशहरूले मिडियाका लागि कम भ्याट दरहरू, कम हुलाक दरहरू र पत्रकारहरूका लागि अनुकूल कर व्यवस्थाहरू प्रस्ताव गरेर स्वतन्त्र पत्रकारितालाई समर्थन गर्दै आएका छन् । डेन्मार्क, फ्रान्स, क्यानडाले त परम्परागत प्रिन्ट मिडियालाई सहयोग गर्न अद्यावधिक समर्थन कायम राखेका छन् । सूचना अखण्डताको रक्षा गर्ने उद्देश्यले ती प्रयासहरू युरोप, उत्तरी अमेरिका र लोकतान्त्रिक ढाँचा भएका विकासशील राष्ट्रहरूमा विविध तवरले संरक्षण गर्ने प्रणाली सक्रिय छन् ।

इतिहास साक्षी छ- नेपालमा भएका ठूला राजनीतिक परिवर्तन (२०४६ र २०६२-०६३)मा सरकारी सञ्चारमाध्यम (गोरखापत्र, राइजिङ नेपाल, रेडियो नेपाल, नेपाल टेलिभिजन) प्रायशः सत्तासीनको प्रतिरक्षा वा भनौ तावेदारीमा केन्द्रित थिए । र, त्यो कालखण्ड यता समेत नागरिकको आवाज सघन रूपमा मुखर गर्ने र लोकतन्त्रका लागि सडकमा जेहादी बन्ने सक्रियता निजी क्षेत्रका मूलतः छापामाध्यम र त्यसपछि विद्युतीय सञ्चारमाध्यमले नै निर्वहन गर्दै आएका हुन् । सरकारी मिडियाले सूचना त दिए, तर नागरिक आन्दोलनको पुल्ठो सल्काउने र लेखेर- बोलेर- सत्ताको मनपरी वा ताण्डव बारे सुसूचित गर्ने काम त निजी मिडियाले नै गरे, अद्यापि गर्दै नै आइरहेकै छन् । त्यस्तो पृष्ठभूमिमा अहिले आएर सरकारी मिडिया नै सर्वेसर्वा र इमान्दार एवम् भरोसाप्रद जनसूचक हो भन्ने भाष्य (भ्रम)को सिर्जना यो सरकारले किन गर्दैछ ?

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने र केही कर्पोरेट मिडिया हाउसबीचको सम्बन्ध निको रहेन, यो 'ओपन सेक्रेट' रहेको छ । तर, ती केही सीमित वा भनौं दर्जन जति उपत्यकाका ठूला भनिएका मिडियाको 'विषवमन' वा आलोचनाको बदलामा समग्र देशका निजी मिडियामाथि विज्ञापन बन्देज लगाउनु 'सौताको रिसले पोइको काख फोहर पार्नु' जस्तै भएको छ । कुनै मिडियाले व्यक्तिगत द्वेष वा भ्रम फैलाउँछ भने त्यसको उपचार प्रेस काउन्सिल वा कानुनी उपचारको विकल्प छँदैछ; सबैलाई आर्थिक नाकाबन्दी गर्नु होइन । त्यसो हुँदा सीमित ठूला शहरिया मिडियाको रिसले देशभरका सयौं मिडियालाई कोपभाजनमा पार्नुले सरकारको नियतमाथि स्वतः प्रश्न उठाउँछ नै ।

नेपालमा दर्ता भएका पत्रपत्रिका लगभग ७,९००+ (प्रेस काउन्सिल अनुसार) मध्ये नियमित प्रकाशन सो संख्याको करीब १०-१५ प्रतिशत मात्र छ । विज्ञापन बजारको आकार वार्षिक सरदर ५-७ अर्ब रुपैयाँमा सरकारी मिडियालाई विज्ञापनको शतप्रतिशत हिस्सा छुट्याएर निजी क्षेत्रका मिडियालाई त्यो लोकतान्त्रिक हकबाट वञ्चितीकरण गर्ने यो सरकारी निर्णय सरासर खेदजनक छ । राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलहरूलाई सरकारी ढुकुटीबाट जनमतका आधारमा वार्षिक अनुदान दिने घोषणा त राष्ट्रिय स्वतन्त्र पार्टीले गत फागुन २१ गतेको प्रतिनिधिसभा चुनाव पूर्वार्द्ध वाचा-पत्रमार्फत् सार्वजनिक गरिसकेकै छ! हालसम्म नेपाल सरकारको ढुकुटीबाट राजनीतिक दलहरूलाई सिधैं वार्षिक अनुदान वितरण गर्ने कानुनी व्यवस्था छैन । तर, निर्वाचन आयोगले 'राजनीतिक दल सम्बन्धी ऐन-२०७३' संशोधनको मस्यौदामा राज्यकोषबाट अनुदान दिने (स्टेट फण्डिङ) व्यवस्था प्रस्ताव गरेको छ । साथै, उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले पनि राष्ट्रिय दलहरूलाई सरकारी कोषबाट अनुदान दिन सुझाएको थियो ।

विगतमा प्रयास के पनि गरिएको थियो भने, आर्थिक वर्ष २०६०-०६१ को बजेटमा तत्कालीन अर्थमन्त्रीले प्रतिमत २० रुपैयाँका दरले अनुदान दिने प्रस्ताव गरेका थिए । एकातर्फ राजनीतिक दल र तिनका कार्यकर्तालाई विभिन्न भत्ता, सुविधा र राज्यको ढुकुटीबाट वार्षिक अर्बौं रकम वितरण भइरहेको थियो भने अर्कातर्फ देशको आवाज बोक्ने मिडियालाई दिइने सानो रकम (लोककल्याणकारी विज्ञापन) रोक्नुले सरकारको प्राथमिकता कता छ भन्ने प्रष्ट पार्छ । त्यसो भए के राजनीतिक दललाई अनुदान उपलब्ध गराउने त्यो 'चुनावी वाचा' पूरा गर्न नै निजी क्षेत्रका मिडियालाई 'शिकार' गरिएको हो त ? यदि त्यसरी नै 'भर्पाइ' गर्न खोजिएको हो भने त यस अघिका सरकारहरू भन्दा यो सरकार कुन मानेमा भरोसायोग्य र 'भिन्न' भएको मान्ने ? मिडियाहरूको बस्ती नै भत्काउने डोजर त यस अघिका सरकारहरूले पनि गरेका थिएनन् !

निजी क्षेत्रका मिडियालाई संपोषण गर्नु सरकारको उदारता होइन, यो लोकतान्त्रिक मुलुकले पालना गर्नै पर्ने शर्त हो । सीमित मिडियाको रिसले समग्र सञ्चार क्षेत्रलाई दण्डित गरिनु किमार्थ जायज होइन, छैन । यदि मिडियाहरूले विभिन्न दलका नाजायज निर्णय र कार्यहरूको अन्ध पैरवी गरिरहेका छन् भने सरकारी विज्ञापन वितरणमा यस्तो 'कैंची' लगाइनु वाञ्छनीय ठहर्दछ । किनभने, कुनै पनि मिडियालाई राज्यले उपलब्ध गराउने वित्तीय सहयोग सिंगो देश र आम नागरिकको हितलाई प्राथमिकतामा राख्न, पैरवी गर्न र खबरदारी गर्न दिइएको हो; न कि अमुक दलको 'भाटगिरी' गर्न ! त्यसैले राज्यप्रदत्त रकम डकारेर केवल दलीय दलाली वा दलका द्रोही नेताको चाकरी गर्ने मिडियाहरूको 'सफाया'मा द्विमत वा विमति राख्नु जरुरी भएन । तर, देश र जनताको स्वार्थलाई केन्द्रित गरेर विशुद्ध सूचनासेवामा समर्पित मिडियाहरूको हकमा भने वर्तमान सरकारको 'विज्ञापन निषेध' रवैया तानाशाहीभन्दा कम होइन ।

पत्रकारिता केवल पेशा/व्यवसाय होइन, यो सार्वजनिक सेवा पनि हो । आफ्नो क्षेत्रबाट एउटा सार्वजनिक उत्तरदायित्व बहन गरिरहेका सञ्चारमाध्यमहरूलाई सरकारले आफ्नो 'ऐना' मान्नु पर्छ, जसमा आफ्ना दागहरू छ्यांग देखिंदा ऐना फुटाउने होइन, बरू अनुहार सफा गर्ने चेत राख्नु जरुरी छ । रास्वपा सरकार वा कुनै पनि सरकारले सार्वभौम मिडियालाई गला घोटेर होइन, गला मिलाएर अघि बढ्नु नै 'लोकतन्त्रमा विश्वास गर्ने दल हो भने' उसको जिम्मेवारी समेत हो । समाजमा विश्वास समाप्त हुने जोखिम रहेको यो बेला पत्रकारितालाई मर्यादित, उत्तरदायी र व्यावसायिक बनाउनु नै आजको मुख्य कार्यभार हो ।

राज्यले सञ्चार क्षेत्रलाई नियन्त्रण गर्ने नियत राखेर मात्रै पुग्दैन; जनमुखी, विश्वस्त र जवाफदेही पत्रकारिताको जगलाई बलियो बनाउन सरकारले नियामक निकायमार्फत् कडाइका साथ नियमन गरोस् न बरू ! तर, तमाम मिडियालाई 'खसी-बाखी- एकै धोक्री'को व्यवहार गरेर सबैको साझा अभिभावक मानिने लोकतान्त्रिक प्रणालीअन्तर्गत गठित 'सरकार' यसरी पूर्वाग्रही र दुराग्रही हुन किञ्चित शोभनीय हुन सक्दैन । आखिर निजी क्षेत्रका सञ्चारमाध्यमहरूप्रति यो सरकारको वैरभावको पृष्ठभूमि के हो ? जान्न पाउने हक सञ्चारकर्मीहरूको हो, होइन ? पार्टीको नाम अगाडि 'राष्ट्रिय स्वतन्त्र' जडेको सत्तासीन दलले निजी क्षेत्रका आम सञ्चारमाध्यमको व्यावसायिक स्वतन्त्रतालाई चाहिँ यसरी राष्ट्रिय रूपमै 'कैद' गर्नुको अन्तर्य सञ्चारकर्मीजन्य पेशागत संघ-संस्थाहरूले कहिले खोज्ने ? - आजको संगीन प्रश्न यो हो ।

घटना र विचारबाट

# सेयर बजारमा सामान्य अंकको गिरावट



काठमाडौं । साताको तेस्रो कारोबार दिन मंगलबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य गिरावट देखिएको छ । दिनभर उतारचढावपूर्ण रहेको बजार अन्त्यमा २.६१ अंकले घटेर २७५७.४० विन्दुमा पुगेर बन्द भएको छ ।

बजारमा कुल ३४५ वटा कम्पनीका १ करोड ७४ लाख कित्ता शेयर ८१ हजार ५८२ पटकको कारोबार मार्फत कुल ६ अर्ब ७३ करोड रुपैयाँमा खरिद बिक्री भएका छन् । अघिल्लो दिन १० अर्ब रहेको कारोबार आज ह्वात्तै घटेको हो ।

बैंकिङ, होटल, हाइड्रोपावर र अन्य समूहका सूचक बाहेक अरु सबै सूचक घटेका छन् ।

कुल कारोबारमा १७५ वटा कम्पनीको शेयर मूल्यमा गिरावट आएको छ भने ८२ वटा कम्पनीको मूल्य बढेको छ । १२ वटा कम्पनीको शेयर मूल्य भने स्थिर रहेको छ ।

बजार ओरालो लागे पनि केही जलविद्युत् र अन्य कम्पनीका लगानीकर्ताले उल्लेख्य कमाएका छन् । भुजुङ, सुपर खुदी र स्वेतगंगा हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतको वृद्धि भई सकारात्मक सर्किट लागेको छ ।

त्यस्तै, रिज इनर्जी, सूर्यकुण्ड हाइड्रो र होटल फरेष्ट इनको मूल्य पनि करिब सर्किट लेभलमा बढेका छन् । समग्रमा बजार घटे पनि कुनै एनआईबीएल ग्रोथ फण्डबाहेक अरु स्क्रिपमा पाँच प्रतिशत भन्दा धेरैको गिरावट देखिएको छ ।

रकमका आधारमा डादी ग्रुप पावर अग्रस्थानमा रह्यो, जसको २४ करोड २२ लाख ६१ हजार रुपैयाँ बराबरको शेयर कारोबार भयो। त्यसैगरी रिलायन्स स्पिनिङ मिल २४ करोड २१ लाख र आँखुखोला जलविद्युत २३ करोड ५७ लाख पनि सर्वाधिक कारोबार हुने कम्पनीको सूचीमा परेका छन् ।

# पुदिनाका ८ फाइदा

नेपाली भान्सामा खासगरी अचारको रुपमा प्रयोग गरिने पुदिना लोकप्रिय जडीबुटी हो ।

यसले खाना पचाउन सहयोग गर्नुका साथै तौल घटाउने, अरुचीबाट मुक्ति दिने, डिप्रेसन तथा थकान घटाउने र टाउको दुखाई हटाउनेलगायतका काम गर्छ । यसका साथै पुदिना दम, स्मरणशक्ति कमजोर भएको र छालाका समस्यामा पनि उपयोगी मानिन्छ ।

यो श्वासको दुर्गन्ध हटाउने लोकप्रिय माउथ फ्रेसनर हो, जसलाई वैज्ञानिक भाषामा मेन्था भनिन्छ ।

पुदिनालाई सयौंवर्षदेखि जडीबुटीका रुपमा प्रयोग गरिँदै आएको छ । पुदिनालाई प्रयोग गरेर टुथपेष्ट, चुईङ्गम, क्यान्डी, इन्हेलरजस्ता औषधिमा प्रयोग गरिन्छ ।

धेरैले पुदिनालाई माउथ फ्रेसनरको रुपमा मात्र चिन्छन् । तर स्वास्थ्यका लागि यसका थुप्रै फाइदा छन् ।

**पाचन प्रक्रियामा सहयोगी**

पुदिना पाचन प्रक्रियामा सहयोग गर्ने महत्वपूर्ण जडीबुटी हो । यदि अपचको समस्या भएमा एक कप पुदिनाको रस पिउने हो भने समस्या समाधान हुन्छ । विमान या जहाजबाट लामो यात्रा गर्नेले पुदिनाको तेल लगाउने हो थकान हटाउन सकिन्छ ।

**टाउको दुखाई निको पार्छ**

पुदिनाको ताजा पातले टाउको दुखाई र थकानको समस्या समाधान गर्छ ।

पुदिनाको तेल या पातको प्रयोगले पेटको समस्या घटाउँछ । पुदिनाबाट बनेको भिक्स नाक या निधारमा लगाएर मालिस गर्नाले टाउको दुखाई पनि निको हुन्छ । गर्मीले दुख्ने टाउको र माइग्रेन पनि यसले निको हुन्छ ।

**श्वासप्रश्वासको समस्या हुन दिँदैन**

यसले नाक, घाँटी, ब्रोङकाई, फोक्सो सफा गर्ने भएकाले दम या रुघाका कारण हुने श्वासप्रश्वाससम्बन्धी समस्या हुन दिँदैंन ।

दीर्घखोकीका कारण हुने चिडचिडाहट पनि यसले हटाउँछ। यहीकारण हो, अधिकांश भिक्स कम्पनीले पुदिनामा आधारित बनाउँछन् ।

**दम निको पार्छ**

पुदिनाको नियमित प्रयोगले दमका बिरामीलाई फाइदा पुग्छ । तर नाक र घाँटीलाई प्रभाव पर्ने गरी पुदिनाको बढी प्रयोग भने गर्न हुन्न ।

**दूध चुसाइरहेका महिलालाई उपयोगी**

दूध चुसाइरहेका महिलाको स्तन र मुन्टोमा पीडा हुन सक्छ । अध्ययनले के पुष्टि गरेको छ भने पुदिनाको तेलले त्यस्तो पीडा कम गर्छ ।

**डिप्रेसन र थकान घटाउँछ**

यसले शक्तिलाई रिचार्ज गर्नुका साथै दिमागको काम गर्ने क्षमता वृद्धि गर्छ । यदि चिन्ता, डिप्रेसन आदिको समस्या छ भने पुदिना र यसका अरु उत्पादनले समाधान गर्न सहयोग पुऱ्याउँछन् ।

सुत्ने बेला अलिकता पुदिनाको तेल तकियामा छर्कने हो भने दिमाग र शरीरले काम गर्ने क्षमतामा वृद्धि हुन्छ ।

**छालाको हेरचाह**

यो राम्रो एन्टिसेप्टिक पनि हो । यसको जुसले छाला सफा गर्नुका साथै छालाको संक्रमण, डण्डीफोर र दाग हटाउन मद्दत गर्छ । यसमा भएको तत्वका कारण पुदिनाले लामखुट्टे, मौरीजस्ता किराले टोकेको पनि निको पार्छ ।

**स्मरणशक्ति बढाउँछ**

हालै गरिएको एक अध्ययनले पुदिनाले स्मरणशक्ति बढाउने पनि पुष्टि भएको थियो ।

पुदिना मिसाइएको चुईङ्गम खानाले दिमागी सचेतना बढ्ने भएका कारण स्मरणशक्ति पनि बढ्ने देखिएको अध्ययनमा सहभागीहरु बताउँछन् ।

यसका साथै पुदिनाको नियमित उपभोगले तौल घटाउने, प्रजनन क्षमतामा वृद्धि गर्ने, मुख स्वास्थ्यमा उपयोगी हुने, एलर्जी हटाउने, क्यान्सर रोकथाम गर्नेजस्ता काम गर्छन् ।



**निर्माणाधीन सुपर त्रिशूली जलविद्युत आयोजना:**
चितवनको इच्छकामना गाउँपालिका-३ चुमखोला र गोरखाको गण्डकी गाउँपालिका-१ बुटारस्थित त्रिशूली नदीमा निर्माणधीन १०० मेगावाट क्षमताको सुपर त्रिशूली जलविद्युत आयोजनाको निर्माणाधीन संरचना। तस्विर : हीरालाल गुरुङ/रासस

# उत्कृष्ट कार्यसम्पादन विधामा पश्चिम नेपाल यातायात बहुउद्देश्यीय सहकारी प्रथम

बुटवल । स्थापनाको छोटो अवधिमा पनि उत्कृष्ट कार्यसम्पादन गर्न सफल पश्चिम नेपाल यातायात बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड लुम्बिनी प्रदेश भरिका बहुउद्देश्यीय सहकारीहरूमध्ये प्रथम बन्न सफल भएको छ । ६९औं राष्ट्रिय सहकारी दिवसको अवसरमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले राप्ती उपत्यका (देउखुरी)मा आयोजना गरेको उक्त कार्यक्रममा पल्स, एमसिआई र सुशासनका सूचकका आधारमा सो सहकारी उत्कृष्ट सहकारी बनेको हो ।

हालैमात्र चौथो साधारणसभा सम्पन्न गरेको सो सहकारीलाई मुख्यमन्त्री चेतनारायण आर्चायले "उत्कृष्ट कार्यसम्पादन" विधामा प्रथम पुरस्कार नगद रु. २५ हजारसहित प्रशंसा-पत्रद्वारा सम्मान गरेका छन् । संस्थाको सुशासन, पारदर्शिता र सदस्य केन्द्रित सेवाको प्रतिफलले नै संस्था स्थापनाको छोटो अवधिमा नै यो उचाइसम्म पुऱ्याउन सफल भएको पश्चिम नेपाल यातायात बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष दधिराम खरेलले बताए । अध्यक्ष खरेलले भने-"यो सहकारी नितान्त यातायात व्यवसायी, मजदुर, चालक, तथा कर्मचारीका लागि खोलिएको हो, उनीहरुको परिवारको आर्थिक हितका लागि स्थापना भएको हो ।"

यातायात व्यवसायी, चालक र मजदुरहरुको र परिवारको हकहित संरक्षण र विकास गर्ने उद्देश्यले स्थापना गरिएको सो सहकारीमा हालसम्म ३३ सय ८३ शेयर सदस्य रहेका छन् । सहकारीमा २ हजार ९ सय १ पुरुष तथा ४ सय ८२ महिला रहेका छन भने शेयर रकमतर्फ कुल १ करोड ८२ लाख ७४ हजार १ सय छ । निक्षेपतर्फ ९ करोड २ लाख हजार ४२ हजार ९ तथा कर्जा लगानी तर्फ १० करोड ३३ लाख ४८ हजार ४ सय ३६ रहेको छ । कुल बासलात ११ करोड, ४९ लाख २८ हजार ४ सय ३६ रहेको छ ।

सहकारीले चालक तथा मजदुरहरुले आफ्नो अमुल्य जीवनको महत्वपूर्ण समय यातायात क्षेत्रमा बिताउने र उमेर पुगेपछि रिटायर लाइफ विना पैसा जिउन पर्ने बाध्यतालाई सानोसानो रुपमा भए पनि आर्थिक संकलन गरी सहकारीको माध्यमबाट आर्थिक रुपले सहयोग पुराउन खोजिएको प्रवन्ध सञ्चालक रामचन्द्र भुसालले जानकारी दिए ।

प्रबन्ध सञ्चालक भुषाल भन्छन्-"यातायात व्यवसायी, कर्मचारी र मजदुरहरुको पारिवारिक आर्थिक अवस्थालाई सवलिकरण गर्ने उद्देश्यले २०७८ सालमा स्थापना गरिएको हो ।" सहकारीले सबै शेयर सदस्यहरुको कुनै पनि दुर्घटना भई मृत्यु भएमा १५ देखि २२ लाख बराबरको दुर्घटना बिमाको समेत व्यवस्था गरिएको छ ।

हालसम्म ४ जना शेयर सदस्यका परिवारले उक्त सुविधा लिइसकेको सहकारीका सचिव जितेन्द्र खत्रीले बताए । सहकारीले प्रविधि मैत्री सफट्वेयरमार्फत् सेवा प्रवाह गर्दै मोबाइल बैंकिङ् र एसएमएस सेवामार्फत् शेयर सदस्यहरुलाई आफ्नो वित्तीय जानकारी प्रदान गर्दै आएको सहकारीका व्यवस्थापक प्रशान्त सोमै मगरले बताए ।

लुम्बिनी प्रदेश सरकारले विभिन्न चार विधामा पाँचवटा सहकारी संस्थालाई पुरस्कृत गरेको छ । पल्स, एमसिआई र सुशासनका सूचकका आधारमा ती सहकारी संस्थालाई २५ हजार रुपैयाँ र प्रमाण पत्रसहित पुरस्कृत गरिएको हो । बहुउद्देश्यीय सहकारी संस्थातर्फ रुपन्देहीको बुटवलमा प्रधान कार्यालय रहेको पश्चिम नेपाल यातायात बहुउद्देश्यीय सहकारी संस्था लि. बुटवल-४ रुपन्देही, बचत तथा ऋण सहकारी संस्थातर्फ किसान कमैया कल्याण बचत तथा ऋण सहकारी संस्था लि. ठाकुरबाबा-५ बर्दिया र राप्ती विश्वासी बचत तथा ऋण सहकारी संस्था लि. तुलसीपुर-६ दाङलाई पुरस्कृत गरिएको छ ।

यसैगरी उत्पादक सहकारी संस्थातर्फ उत्कृष्ट साना किसान कृषि सहकारी संस्था लि. राप्ती सोनारी-८ बाँके र उपभोक्ता सहकारी संस्थातर्फ तुलसी उपभोक्ता सहकारी संस्था लि. तुलसीपुर-६ दाङलाई पुरस्कृत गरिएको प्रदेश सहकारी विकास बोर्डका कार्यकारी उपाध्यक्ष टीकाराम पोखेलले बताउँदै सहकारी क्षेत्रलाई व्यवस्थित गर्दै लगिएको र ऐन-कानुनलाई समयानुकूल संशोधन गर्न आवश्यक रहेको जानकारी दिए ।

# फलफूल र तरकारीको विषादी परीक्षण गर्न माग



बुटवल । नेपाल फलफूल तथा तरकारी व्यवसायी महासंघले स्वदेशी उत्पादनलाई प्राथमिकता दिँदै तरकारी तथा फलफूलको आयात, बजारीकरण र भन्सार प्रक्रियालाई व्यवस्थित गर्न सरकारसँग माग गरेको छ ।

महासंघको तेस्रो पूर्ण बैठकका निर्णयहरू सार्वजनिक गर्दै व्यवसायीहरूले हानिकारक विषादीको प्रयोग रोक्न र सीमा नाकाबाट हुने अवैध व्यापार नियन्त्रण गर्न माग गरेका हुन् ।

मानव स्वास्थ्यलाई ध्यानमा राख्दै व्यवसायीहरूले तरकारी र फलफूलमा प्रयोग हुने उच्च जोखिमयुक्त विषादी र रासायनिक हर्मोनको बिक्री-वितरणमा पूर्ण प्रतिबन्ध लगाउन सरकारलाई आग्रह गरेका छन् ।

कृषि उत्पादनलाई जैविक तथा आईपीएम पद्धतिमा लैजानुपर्नेमा जोड दिँदै महासंघले बजारमा पठाइने वस्तुको विषादी परीक्षण उत्पादन क्षेत्रमै गर्नुपर्ने र आयातित वस्तुको भन्सार बिन्दुमै अनिवार्य परीक्षण हुनुपर्ने व्यवस्था मिलाउन माग गरेको छ ।

साथै, स्वस्थ र गुणस्तरीय वस्तु मात्र बिक्री-वितरण गर्न महासंघले सम्पूर्ण व्यवसायीलाई अपिल समेत गरेको छ । स्वदेशी उत्पादनको प्रवर्द्धन गर्दै फलफूल र तरकारीमा आत्मनिर्भर बन्न व्यावसायिक खेती र प्रशोधन केन्द्र स्थापना गर्नुपर्ने महासंघको निष्कर्ष छ ।

नेपाली उत्पादन पर्याप्त रहेसम्म विदेशी उत्पादन आयात नगर्ने नीति महासंघले लिएको छ । तर, स्वदेशी उत्पादन अभाव भएको बेला आयात अनुमति नपाउँदा उपभोक्ताले महँगो मूल्य तिर्नुपर्ने अवस्था आउने भन्दै त्यस्तो बेला आयातमा सहजीकरण गरिदिन सरकारको ध्यानाकर्षण गराइएको छ ।

'फलफूल तथा तरकारी छिटो बिग्रने (नाशवान) प्रकृतिका वस्तु भएकाले बिदाको दिनमा पनि भन्सारलगायतका सम्बन्धित कार्यालय खुला राखेर ढुवानीमा सहजता ल्याउनुपर्छ ।'- विज्ञप्तिमा उल्लेख छ । लामो समयदेखि माग गरिँदै आएको 'कृषि बजार ऐन' तत्काल तर्जुमा गर्न र फलफूल तथा तरकारीलाई 'अत्यावश्यक वस्तु'को सूचीमा राखेर ढुवानी र बजारीकरणमा विशेष व्यवस्था गर्न महासंघले अनुरोध गरेको छ ।

सरकारको सुशासन मार्गचित्रअन्तर्गत ल्याइएका कृषि बजार मूल्य सूचना प्रणाली र समर्थन मूल्य निर्धारण जस्ता कार्यक्रमको स्वागत गर्दै महासंघले आगामी कृषि नीति तथा कानुन निर्माण प्रक्रियामा आफूहरूलाई पनि सहभागी गराउन माग गरेको छ ।

पछिल्लो समय केरालगायतका फलफूलको आयातमा लगाइएको प्रतिबन्धका कारण सीमा नाकाबाट ठूलो मात्रामा अवैध कारोबार भइरहेको भन्दै महासंघले गम्भीर चिन्ता व्यक्त गरेको छ । गैरभन्सार मार्गबाट भित्रिएका सामानलाई नेपाली किसानकै बिलबिजक बनाएर खुलमखुला बिक्री वितरण भइरहेको र यसले वैध रूपमा व्यवसाय गर्नेहरू मर्कामा परेको महासंघका अध्यक्ष भरतप्रसाद खतिवडाले बताए ।

अवैध कारोबारले गर्दा राज्यलाई दैनिक करोडौं रुपैयाँ राजस्व घाटा भइरहेको र बजार अभाव देखाएर उपभोक्ताले ३०० प्रतिशतसम्म महँगो मूल्य तिर्न बाध्य भएको भन्दै महासंघले यस्ता अवैध गतिविधि तत्काल नियन्त्रण गर्न र आयातलाई सहज बनाउन सरकारसँग माग गरेको छ ।

# उज्यालो बागलुङ कार्यक्रमः 'हाइमास्ट' प्रविधिको सडक बत्ती जडान

गलकोट (बागलुङ) । बागलुङमा पहिलोपटक बागलुङ बजारमा हाइमास्ट प्रविधिको सडक बत्ती जडान गरिएको छ ।

बागलुङ बजारका मुख्य चोक, पर्यटकीयस्थल, बसपार्क तथा अस्पताल क्षेत्रमा हाइमास्ट प्रविधिको सडक बत्ती जडान गरिएको हो । बागलुङ नगरपालिका र नेपाल विद्युत् प्राविधिकरणको साझेदारी बजेटमा उक्त सडक बत्ती जडान गरिएको हो ।

उज्यालो बागलुङ कार्यक्रमअन्तर्गत पहिलो चरणमा बागलुङ बजारको मुख्य १० स्थानमा हाइमास्ट प्रविधिको बत्ती जडान गरिएको नगरप्रमुख वसन्तकुमार श्रेष्ठले जानकारी दिए । नगरप्रमुख श्रेठका अनुसार क्रमशः नगरलाई नै उज्यालो बनाउने अभियानले निरन्तरता दिने उनको भनाइ छ ।

नगरपालिकाले उज्यालो बागलुङ अभियानअन्तर्गत नेपाल विद्युत् प्राधिकरणसँगको सहकार्यमा सडकमा बत्ती जडान गरिएको हो ।

नगरपालिकाको ६५ प्रतिशत र नेपाल विद्युत् प्राधिकरणका ३५ प्रतिशत लागत साझेदारीमा हाइमास्ट प्रविधिको सडक बत्ती जडान गरिएको इन्जिनियर सोविन घर्तीले जानकारी दिए । कूल रु ३६ लाख ८२ हजार लागतमा पहिलो चरणमा १० वटा मिटरसहितका सडक बत्ती जडान गरिएको हो ।

राजमार्ग, पहुँच सडक, वडा सिमाना सडक, रणनीतिक महत्व र व्यावसायिक चहलपहल बढी हुने क्षेत्र, मन्दिर बसपार्क र अस्पतालमा सडकमा बत्ती जडान गरिएको हो । यात्रु, बजारमा सामान खरिद गर्ने ग्राहक, विद्यार्थी, आन्तरिक तथा बाह्य पर्यटकलाई रात्रिकालीन सुरक्षा र सहजताको लागि उज्यालो बागलुङ अभियानअन्तर्गत बत्ती जडान गरिएको हो ।

बागलुङ जिल्लाकै प्रवेशद्वार मालढुङ्गा, कालिका भवगती मन्दिर प्रवेशद्वार, धौलागिरि अस्पताल, ट्राफिक चोक, चिप्लेटी बसपार्क, जिल्ला प्रशासन, बाघ चोक, अस्पताल रोड, व्यारोक चोक र बागलुङ बसपार्कमा पहिलो चरणमा स्मार्ट बत्ती जडान गरिएको हो ।

अग्लो पोलमा जडान गरिने शक्तिशाली बत्तीले बजारलाई झलमल बनाउन सहज बनाउने इञ्जिनियर घर्तीले जानकारी दिए ।

मुख्यतया सहरका चोक, ठूला सडक, रङ्गशाला र खुला क्षेत्रहरूमा हामास्ट प्रविधियुक्त सड बत्ती प्रयोग गर्न थालिएको छ । ठूलो क्षेत्रफलमा उज्यालो प्रदान गर्दै सहरलाई आधुनिक तथा सुरक्षित बनाउन सहयोग गर्ने भएकाले बत्ती जनालाई निरन्तरता दिने नगर प्रमुख श्रेष्ठको भनाइ छ ।

८५...

गौतमबुद्धको जन्मस्थल तथा विश्व सम्पदा सूचीकृत लुम्बिनी क्षेत्रको संरक्षणसँगै स्थानीय पूर्वाधार, पर्यटन प्रवर्द्धन, रोजगारी सिर्जना र समुदायको जीवनस्तर सुधारलाई परियोजनाको मूल लक्ष्य बनाउन आग्रह गरिएको छ ।

पालिकाहरूले परियोजना छनोट र कार्यान्वयन स्थानीय तहबाटै हुनुपर्ने, सडक, ढल, पैदलमार्ग र सार्वजनिक सुविधाजस्ता पर्यटन पूर्वाधारलाई प्राथमिकता दिनुपर्ने तथा एकीकृत कार्यान्वयन संरचना आवश्यक रहेको उल्लेख गर्दै संघीय, प्रादेशिक र स्थानीय तहबिच सुदृढ सहकार्यबाट मात्र दिगो विकास र आर्थिक वृद्धि सम्भव हुने कुरामा सबै प्रतिबद्ध रहेको लुम्बिनी सांस्कृतिक नगरपालिकाका कावा प्रमुख हरिजनको भनाइ छ ।

नगरपालिकाहरूले परियोजनाले एकीकृत विकास, सांस्कृतिक सम्पदाको संरक्षण, पर्यटन पूर्वाधार सुदृढीकरण तथा स्थानीय आर्थिक गतिविधि विस्तारमा महत्वपूर्ण योगदान दिने विश्वास व्यक्त गरेका छन् ।

परियोजना पहिलो चरणमा मुख्यतः मायादेवी मन्दिर (लुम्बिनी), तिलौराकोट, देवदह र रामग्रामलगायतका बौद्ध सम्पदा स्थलहरूमा केन्द्रित छ । त्यसपछि यसलाई विस्तार गरेर पहाडी जिल्लाहरुलाई पनि समेटिनेछ ।

यसको उद्देश्य पर्यटन-सम्बन्धित पूर्वाधार र सेवामा सुधार गर्दै वार्षिक पर्यटक आगमन वृद्धि, आगन्तुक सन्तुष्टि अभिवृद्धि, तथा स्थानीय रोजगारी र उद्यमशीलता विस्तार गर्नु रहेको सहरी विकास मन्त्रालयको भनाइ छ ।

परियोजनाले गन्तव्य योजना तथा स्थानीय आर्थिक विकास गरि बौद्ध सर्किटका लागि एकीकृत पर्यटन दृष्टिकोण, महिला र युवा-नेतृत्व उद्यम, सीप विकास र निजी क्षेत्रको जिम्मेवार संलग्नता प्रवर्द्धन गर्ने छ । यस्तै महत्वपूर्ण पर्यटन पूर्वाधार सुधार गर्दै आगन्तुक सुविधा, साइनेज, भूदृश्य, गतिशीलता समाधान र सार्वजनिक स्थान स्तरोन्नति गरिनेछ ।

यस्तै परियोजना व्यवस्थापन तथा समन्वयले संस्थागत क्षमता, पारदर्शी कार्यान्वयन, अनुगमन र गुनासो सम्बोधन संयन्त्रलाई सुदृढ बनाउनेछ ।

परियोजनाको वातावरणीय तथा सामाजिक व्यवस्थापनका लागि स्थानीय बासिन्दा, कारिगर, अनौपचारिक विक्रेता, किसान, मठ-मन्दिर तथा धार्मिक संस्थाहरू, सरकारी निकाय र आगन्तुकहरूलाई सूचना, परामर्श र निर्णय प्रक्रियामा सहभागी गराइएको छ ।

विश्व बैंकका वातावरणीय तथा सामाजिक मापदण्डअनुसार लैंगिक समानता, जलवायु लचिलोपन र दिगोपनलाई मुख्यधारमा समावेश गरिएको छ ।

नेपालको पर्यटन क्षेत्रमा महिलाको सहभागिता करिब २० प्रतिशत मात्र रहेकाले महिला-नेतृत्व व्यवसायलाई तालिम, बजार पहुँच र सल्लाहकार सहयोगमार्फत् सशक्त बनाइनेछ उल्लेख छ ।

साथै, पानी-सरसफाइ, ढल निकास, ऊर्जा-कुशल पूर्वाधार जस्ता जलवायु-स्मार्ट उपायहरू, पूर्ण जलवायु तथा विपद् जोखिम मूल्याङ्कन र बहुभाषिक हेल्पलाइनसहितको गुनासो समाधान प्रणालीमार्फत् परियोजनाले सामाजिक जवाफदेहिता र दीगो विकास सुनिश्चित गर्ने लक्ष्य राखेको सहरी विकास मन्त्रालयले परियोजनासम्बन्धी सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

गृहमन्त्री...

यसअघि ११औं नम्बरमा रहेकी संघीय मामिला तथा सामान्य प्रशासननमन्त्री प्रतिभा रावललाई नवौं नम्बरमा ल्याइएको छ । यसअघि १२औं नम्बरमा रहेकी कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमलाई सातौ नम्बरमा ल्याइएकी छन् ।

यसअघि १३औं नम्बरमा रहेकी कृषि तथा पशुपन्छी विकासमन्त्री गीता चौधरीलाई १४औं नम्बरमा राखिएको छ भने यसअघि १४औं नम्बरमा रहेका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दिपककुमार साहलाई अन्तिममा राखिएको छ ।

यसअघि अन्तिममा रहेकी महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सीता बादीलाई आठौं नम्बरमा ल्याइएको छ ।

निजी...

रिटमा चौथो अंगको विरोध सार्वजनिक भइसकेको र चौथो अंग आतंकित भइसकेको समेत उल्लेख गरिएको छ । सरकारको सो निर्णय विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन, २०७६ को दफा १०,११,१२, १३, १४, १५, २६, २७, ३२ तथा ऐ विज्ञापन नियमावली २०७७ को नियम, २९ ख २०, ५ क, ५ ख, ५ ग ५, ६, ६क, ९ घ, १० क, ११ क तथा नेपालको संविधानको धारा १७, १८, १९ ले सुनिश्चित गरेको अभिव्यक्ति स्वतन्त्रता हक नै निस्तेज बनाउने कार्य भएको उल्लेख छ ।

रिटमा सरकारको निर्णय तथा परिपत्र नेपालको संविधानको धारा १३३(२)(३) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी अभिव्यक्ति स्वतन्त्रतालाई खुम्च्याउने, कुनै पनि तवरले कमजोर बनाउने कार्य नगर्नू नगराउनू भनी प्रतिषेध मिश्रित परमादेश माग गरिएको छ ।

मुद्दाको टुंगो लाग्न समय लाग्ने भएकोले त्यतिञ्जेल सो निर्णय नरोकिए जनताको अभिव्यक्ति स्वतन्त्रतामा प्रतिकूल असर परी मुलुकको चौथो अंग नै धराशायी भई अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हकमा समेत गम्भीर असर पर्ने भएकोले अन्तरिम आदेश समेत रिटमा माग गरिएको छ ।

## अधिकतम खुद्रा बिक्री मूल्य प्रकाशनको सूचना ।

**न्यू बुटवल ए.सी. सप्लायर्सले चिनबाट पैठारी गर्नेको निम्न वस्तुको अधिकतम खुद्रा बिक्री मूल्य MRP निम्न बमोजिम भएको व्यहोरा सर्व साधारण जानकारीको लागि प्रकाशन गरिएको छ।**

| सि. नं. | माल वस्तुको विवरण | आकार/प्रकार | ब्रान्ड | मोडल | क्षमता | उत्पतिको मूलुक | इकाई | प्रति इकाई मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Conditioner | Domestic | Audee | TSA-12SS-TPL | 12000BTU | China | Pcs | 79,416.09 | 79,500/- | |
| 2 | Air Conditioner | Domestic | Audee | TSA-18SS-TPL | 18000BTU | China | Pcs | 1,03,739.42 | 1,04,000/- | |

बिक्रेता नामः न्यू बुटवल ए.सी. सप्लायर्स
एक्जीम कोड 6038589810147
ठेगानाः बुटवल
फोन नं. 071-438943

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८२।११।२० गते बर्दघाट ९ देखि परासी आउने क्रममा हराएको हुदा फेला पार्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय अथवा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : भुनेश्वर चौधरी
ठेगाना : बर्दघाट -९, नवलपरासी
बिमा लेख नं : २५११०४३००
मोबाइल नं. : ९८०७४४६७४१

## बिमालेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८२।११।२० गते बर्दघाट ९ देखि परासी आउने क्रममा हराएको हुदा फेला पार्नुहुने महानुभावहरुले नजिकैको प्रहरी कार्यालय अथवा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : सनम कुमार चौधरी
ठेगाना : बर्दघाट -९, नवलपरासी
बिमा लेख नं : २५११०४३०१
मोबाइल न : ९८०७४४६७४१

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सम्पर्कः
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

# ओली र लेखकलाई तत्काल रिहा गर्न प्रदेश सांसदको माग





दाङ । लुम्बिनी प्रदेशसभाको मंगलबार बसेको सातौं अधिवेशनको सातौं बैठकमा प्रदेशसभा सदस्यहरूले समसामयिक राजनीतिक, आर्थिक तथा सामाजिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रदेशसभा सदस्य अर्जुनकुमार केसीले कार्की आयोगको प्रतिवेदनका आधारमा भइरहेको गैरन्यायिक धरपकडको विरोध गरे । उच्च पदस्थ व्यक्तिलाई अभियोजन विना फिल्मी शैलीमा गिरफ्तार गर्नु पूर्वाग्रहपूर्ण भएको भन्दै उनले कानुन र विधिअनुसार काम गर्न सरकारलाई आग्रह गरे । यस्ता गतिविधि निन्दनीय रहेको उल्लेख गर्दै उनले पूर्व प्रधानमन्त्री केपी शर्मा ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई विना सर्त रिहा गर्न माग गरेका छन् ।

प्रदेशसभा सदस्य दिलकुमारी बुढाले रुकुम पूर्वमा धेरै विकास योजना अलपत्र परेको गुनासो गरिन् । सामाजिक विकास डिभिजनअन्तर्गतका विद्यालय भवन निर्माण रोकिएको र मन्त्रालयमा पटक पटक पहल गर्दा पनि बजेट विनियोजन नभएको बताउँदै उनले कार्यशैली परिवर्तन गर्न आवश्यक रहेको धारणा राखखेकी थिइन् ।

प्रदेशसभा सदस्य भण्डारीलाल अहिरले बजेटले जनतालाई झुक्याएको जस्तो देखिएको टिप्पणी गरे । बजेटका कमजोरी सच्याउन र काम नगर्ने कर्मचारीलाई हटाउन सरकारलाई उनले सुझाव दिए ।

प्रदेशसभा सदस्य सञ्जुकुमारी चौधरीले हालै सम्पन्न निर्वाचनमा निर्वाचित जनप्रतिनिधिलाई बधाई दिँदै मुलुकमा स्थिरता, भ्रष्टाचार नियन्त्रण, वित्तीय अनुशासन र कृषिमा व्यवसायिकता आवश्यक रहेको बताइन् । उनले स्वास्थ्यमा पहुँच र नागरिकलाई आत्मसम्मानसहित बाँच्न पाउने अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिइन् ।

प्रदेशसभा सदस्य तारा थापाले राप्ती-४ मा भएको कुटपिटपछि हत्या घटनामा कारबाही प्रक्रिया अघि बढाउन सरकारको ध्यानाकर्षण गराएकी थिइन् । साथै उनले बाढीपहिरोबाट विस्थापितहरूको पुनःस्थापनामा सरकारले ध्यान दिनुपर्ने बताइन् ।

प्रदेशसभा सदस्य अम्बिका काफ्लेले लाल आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गर्न माग गरिन् । देशको बढ्दो ऋणप्रति चिन्ता व्यक्त गर्दै उनले विदेशी ऋण थपिँदा आर्थिक अवस्था कमजोर हुने बताइन् । युवालाई देशमै रोजगारी सिर्जना गर्न सरकारको जिम्मेवारी रहेको उनको भनाइ थियो ।

प्रदेशसभा सदस्य नवराज लामिछानेले कपिलवस्तुमा प्रहरीको गोली लागेर एक युवाको मृत्यु भएको घटनामा संघीय सरकारको ध्यानाकर्षण गराए ।

प्रदेशसभा सदस्य सुशिला वादीले सृजना बुढामगर र इनिसा विकका घटनाप्रति गम्भीर ध्यानाकर्षण गराउँदै महिला हिंसा रोक्न प्रभावकारी पहल आवश्यक रहेको बताइन् ।

प्रदेशसभा सदस्य नरमाया ढकालले लुम्बिनी प्रादेशिक अस्पताल भवन निर्माण कार्यमा सरकारले भुक्तानी बाँकी राख्न नहुने धारणा राखिन् । प्रदेशसभा सदस्य लोकाकुमारी विश्वकर्माले महिला हिंसा बढ्दै गएको भन्दै नीतिगत सुधारमार्फत् घटनामा कमी ल्याउन जोड दिइन् । साथै किसानले मल र बिउ अभाव झेल्नुपरेको समस्या समाधान गर्न आग्रह उनले गरिन् ।

प्रदेशसभा सदस्य बसन्ती न्यौपानेले संघीय सरकारको कार्यशैलीप्रति प्रश्न उठाउँदै सुशासन, सामाजिक न्याय र शान्तिको सुनिश्चितताका लागि ठोस पहल गर्नुपर्ने जनाइन् । साथै उनले पूर्व प्रधानमन्त्री र गृहमन्त्रीमाथिको कारबाही प्रतिशोधपूर्ण रहेको टिप्पणी गरिन् ।

बैठकमा वन तथा वातावरण मन्त्री देवकरणप्रसाद कलवारले 'प्रदेश वन ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक'माथि सैद्धान्तिक छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । उक्त प्रस्तावमाथि छलफलमा भाग लिँदै सदस्य अर्जुनकुमार केसीले वन क्षेत्र रोजगारी सिर्जनाको महत्वपूर्ण स्रोत भएकाले यसलाई थप व्यवस्थित बनाउनुपर्ने धारणा राखेका थिए ।

छलफलमा उठेका प्रश्नहरूको जवाफ मन्त्री कलवारले दिएका थिए । प्रदेशसभाको आगामी आठौं बैठक चैत २५ गते बस्ने जानकारी दिइएको छ ।

# ट्रक समितिमा नयाँ नेतृत्वलाई पद हस्तान्तरण



बुटवल । पश्चिमाञ्चल यातायात व्यवसायी समिति बुटवलको हालै सम्पन्न २५औं वार्षिक साधारणसभा तथा १४औं अधिवेशनबाट निर्वाचित नयाँ नेतृत्वको मंगलबार एक समारोहकाबिच पद हस्तान्तरण गरिएको छ । निवर्तमान अध्यक्ष टीकाराम गौतमको टीमले वर्तमान अध्यक्ष यामबहादुर जिसीको टीमलाई पद हस्तान्तरण गरेको हो । कार्यक्रममा प्रतिबद्धता व्यक्त गर्दै नवनिर्वाचित अध्यक्ष यामबहादुर जिसीले व्यवसायिक एकता र व्यवसायीको हितका लागि सधैँ खटिरहने प्रतिबद्धता व्यक्त गदै सबैको साथको अपेक्षा गरे ।

समितिको निर्वाचन सम्पन्न गर्न गठित निर्वाचन समितिका संयोजक महेन्द्र पाण्डेले नव निर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई शपथ ग्रहण गराए । शपथ ग्रहणसँगै निर्वाचित हरूलाई प्रमाणपत्र समेत प्रदान गरिएको थियो । कार्यक्रममा समितिको अध्यक्षका उम्मेदवारहरु प्रतापबहादुर कार्की र पंकज राईले समितिलाई व्यवसायीको पक्षमा चवलायमान बनाउने गरी नयाँ नेतृत्व क्रियाशिल रहन शुभकामना दिए ।

कार्यक्रममा समितिका पूर्व अध्यक्ष रामेश्वरप्रसाद श्रेष्ठले नयाँ नेतृत्वले व्यवसायीको संरक्षण र हकहितमा काम गर्न सुझाव दिए ।

कार्यक्रममा निर्वतमान महासचिव खिमबहादुर थापाले नवनिर्वाचित महासचिव बसन्त खड्कालाई माइन्युट र निर्वतमान कोषाध्यक्ष शंकर लम्सालले नवनिर्वाचित कोषाध्यक्ष काशीराम पोखरेललाई चेक बुक हस्तान्तरण गरेका कार्यालय प्रमुख प्रकाश गैरेले बताए । अधिवेशनबाट अध्यक्षमा यमबहादुर जीसी, वरिष्ठ उपाध्यक्षमा गणेश घिमिरे, खुल्ला उपाध्यक्षमा डिल्लीराम रिजाल, काठमाडौं उपाध्यक्षमा युवराज पन्थ, सचिवमा ढुण्डीराम गैरे विजयी भएका थिए ।

सदस्यहरूमा किशोर पंगेनी, खिमप्रसाद भुसाल, खेमलाल पौडेल, प्रदीप पन्थी, प्रेम विक, विकास अग्रहरि, विकास शर्मा आचार्य, बेलबहादुर, भोजराज भुसाल र सुरज गुप्ता निर्वाचित भएका थिए ।

रुपन्देही उपाध्यक्षमा बसन्ती आले र राजकुमार लामा, नवलपरासी उपाध्यक्षमा कृष्णबहादुर कंडेल, कपिलवस्तु-अर्घाखाँची उपाध्यक्षमा उज्ज्वल केसी तथा नवलपुर उपाध्यक्षमा पर्शुराम भण्डारी 'रामु' निर्विरोध निर्वाचित भएका थिए ।

# रूपन्देही सुपरलिगः देवदह क्रिकेट युनिट विजयी




भैरहवा । देवदह क्रिकेट युनिट भैरहवामा जारी २४औं संस्करणको रुपन्देही सुपरलिग एक दिवसीय क्रिकेट प्रतियोगिताअन्तर्गत 'बी' डिभिजनको मंगलबारको खेलमा विजयी भएको छ । देवदहले सैनामैला क्रिकेट क्लबलाई ७ रनले हराउँदै जित दर्ज गरेको हो ।

सिद्धार्थ क्रिकेट मैदानमा टस हारेर ब्याटिङको निम्तो पाएको देवदहले ३३ ओभर ३ बलमा सबै विकेट गुमाएर १ सय २० रन बनायो ।

उसका लागि रोशन गौतमले ३२, कृष्ण कार्कीले २८ र सुमन पाण्डेले १२ रन बनाए ।

बलिङमा सैनामैनाका किरण भट्टराईले ९ ओभर ३ बल बलिङ गर्दै २७ रन खर्चेर ६ विकेट हात पारे ।

यस्तै, योभ यादव, सुनिल पौडेल र निश्चल क्षेत्रीले १-१ विकेट लिए ।

जवाफी ब्याटिङ गरेको सैनामैनाले ३२ ओभरमा अलआउट हुँदै १ सय १३ रन मात्रै बनायो र झिनो रनअन्तरले पराजित भयो ।

उसका लागि सुनिल पौडेलले ३१, सुशान्त क्षेत्रीले २३, किरण भट्टराईले १८ र निश्चल क्षेत्रीले ११ रन बनाए ।

बलिङमा देवदहका रोशन गौतमले ७ ओभरमा १ मेडन राख्दै २७ रन खर्चेर ५ विकेट हात पारे ।

यस्तै, कृष्ण पराजुलीले ३ तथा शशिधर टण्डन र विष्णु कटरियाले १-१ विकेट लिए । खेलमा रोशन गौतम प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद एक लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जनाएका छन् ।

यस्तै, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले समान पाँच हजार रुपैयाँ प्राप्त गर्ने छन् ।

यस्तै, प्रत्येक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय रुपैयाँ पाउने खेल संयोजक प्रथम पराजुलीले बताए ।

प्रतियोगिताको विजेता पुरस्कार माउण्ट एभरेष्ट कत्था मिल, उपविजेता पुरस्कार विके ज्वेलर्स, भैरहवा, म्यान अफ द म्याचको पुरस्कार सिद्धार्थ उद्योग वाणिज्य संघले प्रायोजन गरेको छन् ।

यस्तै, म्यान अफ द सिरिजको पुरस्कार होटल स्टार होलिडे, बेस्ट ब्याटर र बलरको पुरस्कार युवा व्यवसायी रविकुमार रौनियार, उदयीमान खेलाडीको पुरस्कार प्रतीक ट्रेड लिंक र म्याच अवधिभर बलको प्रायोजन व्यवसायी अमित गुप्ताले गरेका छन् । प्रतियोगितामा 'ए' र 'बी' डिभिजन गरी २० टीमको सहभागिता छ ।

# कांग्रेस संसदीय दल नेता चयन बैशाखमा

बुटवल । नेपाली कांग्रेसले संसदीय दलको नेता नयाँ वर्ष लागेपछि मात्रै चयन गर्ने भएको छ । कांग्रेसमा दलको नेता चयनका लागि पार्टीले निर्वाचन समिति बनाउने व्यवस्था छ ।

त्यही व्यवस्थाअनुसार सभापति गगन थापाले सह-महामन्त्री प्रकाश स्नेही रसाइलीको नेतृत्वमा दलको नेता चयनका लागि निर्वाचन समिति बनाएका छन् । समितिमा केन्द्रीय सदस्य मुना भुसाल र अधिवक्ता राजु कटुवाल सदस्य छन् । त्यो निर्वाचन समितिले नयाँ वर्ष २०८३ लागेपछि मात्रै दलको नेता चयन गर्ने बताएको हो ।

निर्वाचन समितिका संयोजक सहमहामन्त्री रसाइलीले दलको नेता नयाँ वर्ष लागेपछि मात्रै चयन गर्ने तयारीमा आफूहरू रहेको जानकारी दिए । 'पार्टीले दलको नेता चयन गर्ने जिम्मेवारी दिएको छ । नयाँ साल लागेपछि दलको नेता चयन गर्ने तयारी हाम्रो छ ।'- संयोजक रसाइलीले भने ।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा अप्रत्यासित हार व्यहोरेको कांग्रेसले प्रत्यक्षतर्फ १८ र समानुपातिकतर्फ २० गरी ३८ सिट जितेको छ । पार्टीको हैसियत प्रतिनिधिसभामा खुम्चिए पनि प्रमुख प्रतिपक्षी दलको हैसियत प्राप्त गरेकाले दलको नेतामा आकांक्षा धेरै सांसदले राखेका छन् । प्रमुख प्रतिपक्षी दलको नेता संवैधानिक परिषद्को सदस्य पनि हुने भएकाले पनि धेरैले आकांक्षा राखेका हुन् ।

अहिलेसम्म सांसदहरू भीष्मराज आङ्देम्बे, अर्जुननरसिंह केसी, मोहन आचार्य, भरत खड्कासहितले दलको नेतामा आकांक्षा राखेको नेताहरू बताउँछन् । केसी र आङदेम्बेले त सार्वजनिक रूपमै दलको नेतामा दाबी स्वभाविक भएको बताएका छन् ।

गत पुसमा तत्कालिन सभापति शेरबहादुर देउवा र डा. शेखर कोइराला समूहको असहमतिबिच महामन्त्री गगन थापा र विश्वप्रकाश शर्माले विशेष महाधिवेशन गरेपछि कांग्रेसमा विवाद छ । अहिले कांग्रेसमा विशेष महाधिवेशन पक्षधर र त्यसको विपक्षमा रहेको समूह गरी दुई समूह छन् ।

नेताहरूका अनुसार केसी विशेष महाधिवेशन पक्षधरको तर्फबाट र त्यसको विपक्षमा रहेको समूहबाट आङ्देम्बे बलियो उम्मेदवारका रूपमा देखिएका छन् ।

तर, निर्वाचन समितिले भने सहमतिमा दलको नेता चयन गर्ने प्रयास गरिरहेको देखिन्छ । संयोजक रसाइलीले पहिलो प्रयास सहमतिका लागि हुने जानकारी दिए ।

सांसदहरूका अनुसार सहमतिका लागि नेताहरूले अनौपचारिक छलफलसमेत सुरु गरेका छन् । आकांक्षीहरूमध्ये प्रमुख सचेतक, उपनेता र प्रमुख प्रतिपक्षी दलले पाउने प्रतिनिधिसभाको सार्वजनिक लेखा समिति सभापति बनाउने आश्वासन दिएर भए पनि मिलाउने प्रयास जारी रहेको एक पदाधिकारीले जानकारी दिए ।

# रामग्राम पूर्ण संस्थागत प्रसूति सेवायुक्त तथा पूर्ण खोप सुनिश्चितता घोषणाको अन्तिम चरणमा



**गौरीशंकर जयसवाल**

*परासी*

पश्चिम नवलपरासीको रामग्राम नगरपालिका पूर्ण संस्थागत प्रसूति सेवायुक्त तथा पूर्णखोप सुनिश्चितता दिगोपना पालिका घोषण हुने भएको छ ।

पालिकास्तरी खोप समन्वय समिति तथा प्रजनन् स्वास्थ्य समितिको बैठकले पालिकालाई नगरपालिका पूर्ण संस्थागत प्रसूति सेवायुक्त तथा पूर्णखोप सुनिश्चितता दिगोपना पालिका घोषणा गर्न निर्णय गरेको हो ।

बैठकले जिल्ला खोप समन्वय समितिले अनुगमन गरेपछि नगरपालिका पूर्ण संस्थागत प्रसूति सेवायुक्त तथा पूर्णखोप सुनिश्चितता दिगोपना पालिका घोषण गर्ने स्वास्थ्य शाखाका स्वास्थ्य निरीक्षक सुरज हरिजनले जानकारी दिए । उनले यही चैत्र मसान्तभित्रमा नगरपालिका पूर्ण संस्थागत तथा पूर्ण खोप सुनिश्चितता दिगोपना पालिका घोषण गर्न लागिएको बताए ।

स्वास्थ्यकर्मीहरुले १८ वटै वडामा माघ महिनादेखि घरधुरी सर्वेक्षण गरी १६ देखि ५९ महिनाको बालबालिकाहरुमध्ये २३ जना छुटेकोलाई पूर्णखोप लगाएको र ३ हजार चार सय २६ जनाले पूर्णखोप प्राप्त गरेको सुनिश्चितता तथा ० देखि १५ महिनाका बालबालिका ९ सय ६१ जनामध्ये छुटेका ४ जनालाई पनि पूर्णखोप दिइएको स्वास्थ्य शाखाका अधिकृत अनिल खड्काले जनाकारी दिए ।

८ सय १६ जनामध्ये बाटोमा २ जना प्रसूति भएको र ८ सय १४ जना स्वास्थ्य संस्थामा प्रसूति भएको खड्काले बताए । ९९ दशमलव ७५ प्रतिशत स्वास्थ्य संस्थामा प्रसूति गराएको नगरपालिकाको तथ्यांकमा उल्लेख रहेको छ ।

बैठकमा बोल्दै धनपत यादवले रामग्राम नगरपालिकाले स्वास्थ्य क्षेत्रमा प्राथमिकतामा राखेको काम गरेको बताए ।

नगरपालिकाले गर्भवतीहरुलाई लक्षित गरी निःशुल्क भिडियो एक्सरे सञ्चालन गरेको यादवले जनाए । नगरपालिकाले नगरवासीलाई स्वास्थ्य क्षेत्रमा पहुँच पुऱ्याएको भन्दै यसमा स्वास्थ्यकर्मीहरुको अथकप्रयास र मेनहतले पूर्ण संस्थागत प्रसूति सेवायुक्त तथा पूर्णखोप सुनिश्चितता दिगोपना पालिका घोषण गर्न सकिएको उल्लेख गरे ।

जिल्ला खोप समन्वय समितिले अनुगमन पश्चात् प्रतिवेदन पेस गरी पालिकालाई पूर्ण संस्थागत प्रसूति सेवायुक्त तथा पूर्णखोप सुनिश्चितता दिगोपना पालिका घोषण अनुमति दिएपछि घोषण हुने बताइएको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com



प्रो. मञ्जु एण्ड सन्स
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद विक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com